म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८५ सोमबार १५ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 29 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७७००९

बागमती प्रदेशले ल्यायो १२४ बुँदे नीति, कार्यक्रम

# २०२४ बागमती प्रदेश भ्रमण वर्षको रुपमा मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि १२४ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । आइतबार दिउसो बागमतीका प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेशसभामा आगामी आवका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

सरकारले केही नयाँ कार्यक्रमलाई समेट्दै प्रायः पुरानै नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो । सरकारले दीगो विकासको अवधारणा अनुसार योजना निर्धारण गर्ने, सरकारले आगामी आर्थिक वर्ष प्रदेशलाई प्रविधिमैत्री बनाउने तथा आर्थिक नीति, सामाजिक न्यायको माध्यमबाट प्रदेश समृद्धिका योजना तर्जुमा गर्ने घोषणा गरेको छ । 'प्रदेश सरकारको भूमिका थप मजबुत बनाउन संघीय सरकार र स्थानीय सरकारसँगको समन्वयलाई प्रभावकारी बनाइने,' नीति तथा कार्यक्रममा उल्लेख छ ।



प्रदेशको सन्तुलित विकासका लागि ठूला आयोजना छनोट गरी कार्यान्वयनमा ल्याइने उल्लेख छ । बागमती प्रदेश सरकारले 'एक माध्यमिक विद्यालय, एक नर्स' कार्यक्रमलाई विस्तार गर्दै आगामी दिनमा कक्षा १२ सम्म सञ्चालन भएका सबै विद्यालयमा लागू गर्ने भएको छ । बागमती प्रदेश सरकारले 'गृहणी महिलासँग प्रदेश सरकार' कार्यक्रम संचालनको घोषणा गरेको छ । गृहणीलाई सशक्तिकरण गर्दै आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम संचालन गरिने जानकारी प्रदेशप्रमुख शर्माले दिए ।

प्रदेश सरकारले लैङ्गिकहिंसाबाट प्रभावितको लागि उद्दार, राहत, मनोसामाजिक परामर्श र पुनर्स्थापन सम्बन्धी सामाजिक सुरक्षाको विशेष कार्यक्रम संचालन गरिने भएको उनले बताए । प्रदेश सरकारले राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धाका लागि समक्ष तथा व्यवसायी खेलाडी तयार गर्न खेलको पूर्वाधारको विकास गर्दै प्रशिक्षणको विकास गर्ने प्रदेश प्रमुख शर्माले बताए । साथै उनले स्थानीयस्तरमा खेलकुदलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिने बताए । आर्थिक विकासमा सहकारी संस्थाको भूमिकालाई प्रवर्धन गर्दै सहकारी संस्थाको नियमनलाई प्रभावकारी बनाइने बताइएको छ ।

उपभोक्ताको हकअधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइने, 'धर्म र पर्व, हाम्रो गर्व' भन्ने नाराका साथ धार्मिक र सांस्कृतिक क्षेत्रका मूर्त तथा अमूर्त सम्पदाको अन्वेषण, अनुसन्धान, संरक्षण र संवर्धन गरी सांस्कृतिक पर्यटन प्रवर्धन गर्ने नीति लिइने बताइएको छ । प्रदेश भित्रका जातजातिको मातृभाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्धन गरिनेछ । तामाङ र नेपाल भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाको रुपमा विकास गर्न कानुन तर्जुमा गरिने, संस्कृत भाषालाई प्रोत्साहन गरिने बताइएको छ ।

प्रदेश भित्रका धर्म, संस्कृति, जातजाति तथा ऐतिहासिक राजनैतिक आन्दोलनको विशिष्टतालाई समेट्ने गरी संग्रहालय स्थापना गर्ने नीति लिइने, बागमती प्रदेशलाई कला अनुसन्धान केन्द्रको रुपमा विकास गरिने, धार्मिक, सांस्कृतिक, पर्यापर्यटन तथा ग्रामीण पर्यटनको प्रवर्धनमार्फत् थप रोजगारी सिर्जना गरिने, स्वदेशी तथा विदेशी पर्यटकको बसाइ अवधि लम्ब्याउन होमस्टेको प्रवर्धन तथा पर्यटकीय पूर्वाधार र सेवा सुविधाको विस्तार गरी पर्यटकीय गन्तव्य स्थल घोषणा गरिने, सन् २०२४ लाई बागमती प्रदेशभ्रमण वर्षको रुपमा मनाइने बताइएको छ ।

प्रदेशमा स्थापना हुने उद्योगका लागि सडक, ढल तथा खानेपानीको प्रबन्ध गरी लगानीमैत्री वातावरण बनाइने, लगानीसम्बन्धी कानुन तर्जुमा गरिने, स्थानीय स्रोतसाधन र कच्चापदार्थको प्रयोग गर्ने उद्योगका लागि विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने, औद्योगिक ग्रामको सञ्चालन गरिने भएको छ । हस्तकला व्यवसायसम्बन्धी कानुन तर्जुमा गरिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशको पहिचान स्थापित गर्ने हस्तकला उद्योगमा परम्परागत सीपको प्रवर्धन गर्दै हस्तकला ग्राम निर्माण, सञ्चालन, विकास, विस्तार र बजारीकरणसम्बन्धी कार्यलाई प्रभावकारी बनाइने बताइएको छ ।

प्रदेश भित्रको समग्र भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्य गर्दा प्राकृतिक सुन्दरता कायम राख्दै पर्यावरणमैत्री दिगो विकासमा जोड दिइने, एकीकृत विकास गुरुयोजना तर्जुमा गरी शहरी विकास आयोजना र शहरी पूर्वाधार निर्माणको कार्य योजनाबद्ध लागु गरिने, प्रदेशभित्रका उदीयमान शहर तथा स्थानीय तहका केन्द्रलाई मौलिक पहिचान सहितको व्यवस्थित शहरीकरण गर्न प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिउको छ ।

ठूला बस्ती तथा सडकको पहुँचबाट टाढा छरिएर रहेका एकल तथा असुरक्षित बसोबासलाई सुरक्षित र एकीकृत बस्तीमा रुपान्तरण गर्ने नीति लिइने, प्रदेश गौरवको आयोजनाको रुपमा रहेको रुवी भ्याली एकीकृत विकास आयोजनालगायत मानव विकास सूचाङ्कमा पछाडि परेका अन्य स्थानीय तहमा भौतिक पूर्वाधार सहितको एकीकृत विकास आयोजना सञ्चालन गरिने, खरको छानामुक्त बागमती प्रदेश अभियानलाई विस्तार गरिने नीति तथा कार्यक्रम मा समेटिएको छ ।

**फाइलमा नीति तथा कार्यक्रम नभेटेपछि...**

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सार्वजनिक गर्न प्रदेश प्रमुखलाई उपलब्ध गराएको फाइल नै खाली भेटियो । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई वाचन गर्न उपलब्ध गराएको फाइलमा नीति तथा कार्यक्रम नै नभेटिएपछि प्रदेशसभामा केहीबेर सबै अलमलमा परे ।

सांसदलाई वितरण गर्नका लागि प्रदेशसभामा ल्याइएको नीति तथा कार्यक्रम मुख्यमन्त्रीले प्रदेश प्रमुखलाई उपलब्ध गराएका थिए । मुख्यमन्त्री नीति तथा कार्यक्रम खोज्न हिँडेपछि केही समय सदनभित्र सांसदबीच मुखामुखको अवस्था सिर्जना भएको थियो ।

आइतबार दिउँसो २ बजे बसेको प्रदेशसभा बैठकमा प्रदेश प्रमुख शर्माले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्ने सूची रहेको थियो । मुख्यमन्त्री जम्कट्टेलले मानवीय कार्यमा गल्ती हुने भन्दै अवस्था सामान्य बनाउन खोजेका थिए । 'यो सामान्य प्राविधिक त्रुटि भयो । यो हाम्रो व्यवस्थापकीय कमजोरी हो,' उनले भने । प्रतिपक्षी नेकपा एमाले र नेपाल मजदुर किसान पार्टीले सरकारले बिनातयारी नीति तथा कार्यक्रम ल्याउँदा भद्रगोलको अवस्था सिर्जना भएको भन्दै आपत्ति जनाएका थिए ।

# रेशम चौधरीलाई आममाफी दिने निर्णय स्वीकार्य छैनः बर्तौला

साझाकुरा संवाददाता



हेटौंडा, १४ जेठ/प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका सचेतक तथा मकवानपुरबाट निर्वाचित सांसद महेश बर्तौलाले जन्मकैदको सजाय भुक्तान गरिरहेका पूर्वसांसद रेशम चौधरीलाई आममाफी दिने सरकारको निर्णय स्वीकार्य नहुने बताएका छन् ।

बर्तौलाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतले जन्मकैदको सजाय दिएको चौधरीलाई सत्ता टिकाउन सरकारले सो काम गर्न लागेको भन्दै आक्रोश व्यक्त गरे । 'सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तीन वटै तहको अदालतले उहाँको बारेमा एक प्रकारको फैसला गरेको छ । भिक्टिमहरुलाई थप भिक्टिम बनाउने गरी, अदालतले गरेको आदेशको पूर्ण पाठ आएको छैन । सर्वोच्चले आदेश गऱ्यो, फैसला गऱ्यो । तलको आदेशलाई सदर गऱ्यो । त्यसको पूर्ण पाठ आएको छैन । अनि हतारहतार सरकार टिकाउन लागि, सत्ता जोगाउनका लागि हामीले विधिको शासन, कानुनी राज्य यी समग्र पक्षलाई संविधानमा हो, कहीं कतैं आममाफीको व्यवस्था होला', उनले भने ।

आइतबार संघीय संसद भवन परिसरमा सञ्चारकर्मीहरुले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले पीडितलाई थप पीडित बनाउने गरी सरकारले कानुनी राज्यको खिल्ली उडाउँदै चौधरीलाई आममाफी दिने निर्णय लिएको जिकिर गरे । 'कतिपय अवस्थामा सरकारले चाहेको अवस्थामा सजाय माफी दिनसक्छ ।

तर, व्यवस्थालाई दुरुपयोग गरेर, कानुनी राज्यलाई खिल्ली उडाउँदै कानुनी शासन, विधिको शासन, त्यसलाई कमजोर बनाउने गरी सबै हिंसाका घटनालाई सत्तासँग जोड्ने, राजनीतिसँग जोडने, उन्मुक्ति दिँदै जाने । यसले कस्तो नजिर बस्नसक्छ । त्यसकारण यो विषयमा गम्भीरताका साथ सरकारले ख्याल पुऱ्याउनुपर्छ', उनले भने । सचेतक बर्तौलाले राजनीतिक दाउपेचका आधारमा गरिएको सरकारको सो निर्णय उपयुक्त नभएको उल्लेख गर्दै त्यसमा ख्याल गरेर अघि बढ्न राष्ट्रपति रामचन्द्र पौडेललाई पनि आग्रह गरे ।

'सम्माननीय राष्ट्रपतिज्यूले यो विषयमा ख्यालपूर्वक अगाडि बढ्नुपर्छ । हाम्रो यो आग्रह रहन्छ । सर्वोच्चको पूर्णपाठ आइपुगेको अवस्था छैन भनेपछि यति हतार गर्नुपर्ने यो कारण के पऱ्यो ? सरकारलाई के आइलाग्यो कि यति हतार गर्नुपर्ने । त्यसकारण यो विषयमा ख्यालपूर्वक, ध्यानपूर्वक भोलि गलत नजिरहरु नबसून् । र, प्रत्येक हिंसात्मक घटनाहरुलाई पछि राजनीतिक दाउपेचको आधारबाट सत्ता लेनदेनसँग मिसाएर अघि बढ्ने जे खेतीपाती हुन खोजेको छ । यो किमार्थ राम्रो विषय होइन । यो स्वीकार गर्न सकिने विषय होइन', उनले भने, 'भोलि घटनाक्रम समय, परिस्थितिका आधारबाट यसलाई राम्रोसँग विश्लेषण, अध्ययन गरेर उपयुक्त कुनै निष्कर्ष निस्कियो भने त्यसबमोजिम अगाडि बढ्नुपर्ने कुनै एउटा बाटो देखिन आयो भने त्यसपछि सोच्न सकिने कुरा हो ।

# पहिलो सेवाग्राहीलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा रहेको नापी कार्यालयले आइतबार सेवा लिन आएका पहिलो सेवाग्राहीलाई सम्मान गरेको छ ।



नापी विभाग स्थापनाको ६६ वर्ष पुगेको अवसर पारेर नापी कार्यालय शिखरकोटमा आउने सेवाग्राहीलाई फूलको गुच्छाले स्वागत गरेको हो । नापी कार्यालय शिखर कोटका प्रमुख गोपालनारायण भुजेल सहित कार्यालयका कर्मचारीहरुले थाहा-१० टौखेलका रामबहादुर गोपालीलाई फूलको गुच्छा र खादा सहित स्वागत गरिएको कार्यालयका प्रमुख भुजेलले जानकारी दिए । नापी विभागको स्थापना दिवसमा आइतबार विविध कार्यक्रम गरी मनाउने निर्णय अनुसार कार्यालयमा आउने पहिलो सेवाग्राहीलाई सम्मान, कार्यालय परिसर सरसफाइ र साँझ कार्यालय हातामा दीपावली गरेर मनाइएको नापी कार्यालय शिखरकोटले जनाएको छ ।

# हुप्रचौरमा राष्ट्रिय भलिबल प्रतियोगिता गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/हेटौंडा उपमहानगरपालिका-४, स्थित हुप्रचौरमा राष्ट्रियस्तरको खुला पुरुष भलिबल प्रतियोगिता आयोजना हुने भएको छ ।



केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठान हेटौंडाको आयोजनामा पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको तयारी पूरा भएको आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ । प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले २० जेठदेखि हेटौंडामा राष्ट्रिय भलिबल हुन लागेको बताए । प्रतियोगितामा नेपाल आर्मी, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, मकवानपुर जिल्ला भलिबल संघ, बागमती प्रदेश भलिबल टिम, मधेश प्रदेश भलिबल टिम, मणिमुकुन्द भलिबल टिम, गण्डकी प्रदेश भलिबल टिम, वालिङ भलिबल टिम स्याङ्जा र पाथिभरा भलिबल टिम झापाको १० वटा टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा दश टोलीले नाम दर्ता गरिसकेको भन्दै अध्यक्ष विष्टले प्रतियोगितामा पुरस्कार सहित करिब २५ लाख खर्च हुने अनुमान रहेको बताए । प्रतियोगितामा विजेताले दुई लाख नगद सहित ट्रफि र मेडल प्राप्त गर्ने छन् भने उपविजेताले एक लाख नगद सहित ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष विष्टले बताए । प्रतियोगिताको सेमी फाइनलमा पुग्ने दुई टिमलाई नगद ५० हजार सान्त्वना पुरस्कार प्रदान गर्ने जनाइएको छ । खेलको सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार र विधागत उत्कृष्ट खेलाडीलाई ५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगितालाई हेटौंडा उपमहानगरपालिका, प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा १९ र ३ नम्बर वडा कार्यालय सहयोगीको रुपमा रहने आयोजकले जनाएको छ । यसवर्ष पुरुषतर्फको राष्ट्रिय खेल भएता पनि आगामी वर्षदेखि महिलाहरुको पनि प्रतियोगिता गरिने मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष बसन्त सिटौलाले जानकारी दिए ।

पत्रकार सम्मेलनमा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गी, कार्यालय प्रमुख माधव कोइराला, हेटौंडा नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीलगायतको उपस्थिति थियो ।

## गोदमघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा कपडा उद्योग चल्दैन

सरकारले हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो कारखान सञ्चालन गर्ने भन्दै नीति तथा कार्यक्रममा समेटेको छ । आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमा ती तीन उद्योग पूर्ण सञ्चालनको सम्भावना रहेको बताइएको छ । बन्द अवस्थामा रहेका रुग्ण उद्योग सञ्चालन गर्न उच्चस्तरीय कार्यदल गठन गरेर त्यसको सम्भाब्यता अध्ययन गर्नै पर्छ । हचुवाको भरमा उद्योग चलाउने भनेर सरकारको नीति तथा कार्यक्रममा उल्लेख गर्दा त्यसको प्रभाव नकारात्मक पर्छ । सरकारले बजेटमा हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने भनेर गौरवका साथ प्रस्तुत गर्दै आएको धेरै समय भयो । हेटौंडा औद्योगिक क्षेत्रभित्र बन्द रहेको उद्योगलाई सञ्चालन गरिने कुरा हरेक वर्षको बजेटमा घोषणा गरिँदै आएको छ । तर, उद्योगले पुनर्जीवन पाउने सम्भावना नै छैन ।

२०३५ साल माघ ५ बाट सञ्चालनमा आएको हेटौंडा कपडा उद्योग कुनै समय मकवानपुरको मात्र नभएर देशकै प्रतिष्ठाको उद्योग थियो । हेटौंडा औद्योगिक क्षेत्रको मात्र नभएर देशकै ठूलो उद्योगबाट उत्पादन भएका सुती धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा आमउपभोक्ताबीच निकै लोकप्रिय थियो । तर, २०४६ को राजनीतिक परिबर्तनले हेटौंडा कपडा उद्योगको दुर्गति सुरु भयो । ट्रेड युनियनको नाममा भएको राजनीति र सरकारमा जाने दलले नेता तथा कार्यकर्ता भर्तीकेन्द्र बनाउँदा नाफामा रहेको उद्योग २०५७ सालसम्म आइपुग्दा पूर्ण बन्द भयो । सरकारले सम्पूर्ण दायित्व भुक्तानी गर्दै २०५७ साल माघ १८ गते कपडा उद्योग बन्द गर्ने निर्णय गरेको थियो । २०५९ सालमा सरकारले उद्योग खारेजीको प्रक्रियामा अघि बढायो । त्यसयता पटकपटक हेटौंडा कपडा उद्योगलाई लिक्वीडेसनमा लैजाने निर्णय भयो तर, काम भएको छैन । शिकारीले जंगलमा धराप थापेझैं हेटौंडा कपडा उद्योग राजनीतिक भाषणका निम्ति उपयुक्त एजेण्डा मात्र हो । अद्यावधिक अवस्थामा हेटौंडा कपडा उद्योग संचालन हुने अवस्था छैन । उद्योग बन्द भएसँगै सयौंको रोजगारी त खोसियो नै, सरकारले सबैभन्दा धेरै नाफा गर्ने, नेपाली कपडालाई विश्व बजारमा 'ब्राण्डिङ' गर्ने उद्योगको अस्तित्व पनि समाप्त भयो । एउटै छानामुनी करिब १२ सय व्यक्ति त्यसमा पनि ८० प्रतिशत महिलाले प्रत्यक्ष रोजगारी पाएको उद्योगमा राजनीति छिरेपछि उद्योग धरासायी भयो । बन्द भएर खारेजी प्रक्रियामा गैसकेको उद्योगको सञ्चालन सम्भाव्यता अध्ययनको लागिमात्र हालसम्म १५ करोड खर्च भएको छ । तर, परिणाम हातलाग्यो शून्य हुँदै आएको छ ।

२०६६ सालमा अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा गठन भएको अनुगमन समितिले उद्योग सञ्चालनको लागि आवश्यक बजेटसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । सोही प्रतिवेदनको आधारमा सरकारले ८ करोड २१ लाख रुपैयाँ निकासा गरेको थियो । तर, सोही वर्ष कार्तिक १८ गते बसेको मन्त्रिपरिषद्को बैठकले उद्योग खारेज गर्ने निर्णय गऱ्यो । एउटै उद्योग कहिले खारेजीमा लैजाने निर्णय गर्ने कहिले चलाउने निर्णय गर्ने सरकारको द्वैध चरित्रले स्थानीय नै हैरान भइसकेका छन् । त्यो भन्दा बढी चिन्तित बनेका छन् हेटौंडा कपडा उद्योगका पूर्वप्राबिधिकहरु । बिद्यमान अवस्थामा त्यो प्रबिधि निकै पुरानो भयो र अहिलेको प्रबिधिसँग प्रतिष्पर्धा गर्न कुनैपनि हालतमा सक्दैन । त्यसैले हेटौंडा कपडा उद्योग सरकारले चलाउन सक्दैन । नमच्चिने पिङको सय झड्का भनेझैं हरेक वर्षको नीति तथा कार्यक्रममा यस्ता उद्योग संचालन गर्ने भन्दै जनतालाई भुलभुलैयामा राख्नु कदापी राम्रो होइन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १६ गते मंगलबार ३० मे २०२३ । दशमी, जेष्ठ शुक्लपक्ष । तछ्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ६:५३ । गोसाइँकुण्ड स्नान समाप्ति । रामेश्वर पूजा । गंगा दशहरा । हत्यामोचन-तीर्थ स्नान ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ समाचार सुन्न पाइनेछ | तुला | : मनोकांक्षा सिद्धि हुनेछ |
| वृष | : मान सम्मान पाउन सकिनेछ | वृश्चिक | : गरेको कार्यमा सफलता मिल्नेछ |
| मिथुन | : मन खिन्न हुन सक्नेछ | धनु | : नयाँ कार्ययोजना बन्नेछ |
| कर्कट | : व्यापार व्यवसायबाट लाभ हुनेछ | मकर | : आकस्मिक लाभ हुनेछ |
| सिंह | : राजनीतिमा सफलता मिल्नेछ | कुम्भ | : राम्रो अवसर गुम्नेछ |
| कन्या | : काममा विलम्ब हुनेछ | मीन | : खर्च र दु:ख बढ्नेछ |

# नेताको अक्षमतासँग गणतन्त्रको महानता तुलनै हुँदैन



✍ डम्बर खतिवडा

बन्न एक सामान्य सिपाही
दौडमा सामेल हुनुपर्दछ जस कसैले
र शरीर तन्काएर छातीको चौडाइको नाप पूरा गर्नुपर्दछ ।
कारखानाको मजदूर बन्न
चाहिन्छ छोटै अवधिको भए पनि तालिम र अनुभव
र ग्रिज -मोबिल, रिन्च-हथौडासँग खेल्न सक्नुपर्दछ ।
कवि हुन काव्यको साधना गर्नुपर्दछ निरन्तर
विधायक हुन जनताको भोटलाई सामना गर्ने साहस चाहिन्छ
र शिक्षक, वकिल, पत्रकार, प्राध्यापक, अभिनेता
वा जासुस केही बन्न सजिलो छैन यो संसारमा ।
सजिलो त्यही एउटा बादशाह बन्न हो
बादशाह बन्न एउटै गुण पर्याप्त छ- कुनै वंशमा जन्मिनु
तर विडम्बनाको कुरा के भने
असजिला सबै पेशामा बढिरहेछन् निरन्तर मानिसको संख्या
सजिलो गरी बन्न सकिने बादशाहको संख्या भने
दिनानुदिन घटिरहेको छ ।

यो कविता कसले लेखेको हो मलाई अद्यापि थाहा छैन । धराने कवि गोविन्द विकलसँग कुनै बेला गहिरो व्यक्तिगत निकटता थियो मेरो । तिनै गोविन्द विकल जो 'संघर्ष हो जीवन, जीवन संघर्ष हो', 'रगतको टीका लगाउँदै शहीद हामी त उठ्ने छौं' जस्ता चर्चित क्रान्तिकारी गीतका रचनाकार थिए ।

धरानबाट बसाइँ सरेर उनी हाम्रो छिमेकी गाउँमा आएका थिए । बीचमा रामधुनी जंगल, वारि मानपुर पारि सालबनी गाउँ । धरानबाट सालबनी बसाइँ सर्दा उनले बोरामा खाँदेर किताब र पुराना पत्रिकाको डंगुर पनि ल्याएका थिए । त्यही डंगुरभित्र गाता च्यातिएको, शीर्षक र कविको नाम माउकिराले खाएको एक हिन्दी पत्रिकामा २०४५ सालतिर भेटेको थिएँ मैले यो कविता र डायरीमा टिपेर राखेको थिएँ, जो अहिले पनि छ । त्यो बेला जतिखेर नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना होला भनेर कमैले कल्पना गर्थे ।

तरह निरंकुशता, वंशवाद र दैवीशक्तिको सिद्धान्तमा अविश्वास गर्ने धेरै ठूलो युवा जनमत तयार भइसकेको थियो २०३६-२०४६ को अवधिमा । जसरी आजका युवा पुस्ताको सबैभन्दा ठूलो सपना 'सुशासन र समृद्धि' हो, हामी युवा हुँदा हाम्रो पुस्ताको सबैभन्दा ठूलो सपना 'निरंकुशताको अन्त्य र लोकतन्त्रको स्थापना' थियो ।

गणतन्त्र त्यो बेला एक महान् क्रान्तिकारी सपना मानिन्थ्यो । धेरै मानिस यो सपना देख्न चाहन्थे पनि, डराउँथे पनि । फरक कति छ भने आज 'सुशासन र समृद्धि' को सपना देख्न डराउनुपर्दैन, हाकाहाकी देख्न सकिन्छ जस-कसैले । यही भिन्नता हो- हामी युवा हुँदा र आजको युवा पुस्ता बीचको । हाम्रो पुस्ताले आफ्नो सपनाको लागि आँशु, रगत र पसिनाको एक अविरल नदी बगाउनु परेको थियो । भयको संसारका बाँच्नु परेको थियो सधैं उद्विग्न र त्रस्त हुँदै । सपनालाई लुकाएर साँच्नुपर्थ्यो मुटुमा, सजिलै ओठमा ल्याएर भन्न सकिँदैनथ्यो । आजको पुस्ताले आफ्नो सपनालाई मुटुमा लुकाउनुपर्दैन, आँखामा सजाउन सक्दछ, आँखाबाट ओठमा ल्याएर सजिलै आम अपील गर्न सक्दछ ।

र यो एक धेरै ठूलो र महान् भिन्नता हो भन्ने कुरा आजको पुस्ताले बुझ्नुपर्दछ ।

सन् १९८० को दशकमा जब सिंगापुर 'तेस्रो विश्वबाट पहिलो विश्वमा' प्रवेश गर्न थाल्यो यसका नेता लि क्वान युले १९६० को दशकका सिंगापुरी दृश्य समेटिएका सिनेमा र डकुमेन्ट्रीहरू युवा पुस्तालाई देखाउन लगाउँथे । र भन्थे- आज तिमी जुन सुख भोग्दैछौ, त्यसको लागि हाम्रो के कति आँशु, रगत र पसिना बगेको छ भन्ने तिमीले बुझ्नुपर्दछ ।

यो सत्य हो कि आजको नेपाली युवा पुस्ताका लागि सिंगापुरमा लि क्वान यु पुस्ताले तयार गरेजस्तो 'सुख-सुविधा' को जोगाड भइसकेको छैन । दुर्भाग्य र विडम्बनाको कुरा हुन त्यो सक्थ्यो, हुन सकेन । तर, उनीहरूले आज जुन स्वतन्त्रता उपभोग गरिरहेका छन्, त्यसको पनि ठूलो मूल्य चुक्ता गर्नु परेको हो । 'स्वतन्त्रता' विना 'समृद्धि' सम्भव हुने कुरा हैन । आज स्वतन्त्रता हुन्थेन भने समृद्धिको सपना नै बुन्न सकिने थिएन ।

१५ जेठ २०६५ यता गणतन्त्र आएको १५ वर्ष पूरा भएछ । त्यो बेला नेपाल संसारको 'कान्छो गणतन्त्र' थियो । सायद त्यसयता पनि संसारका कतिपय देशमा राजतन्त्र उन्मूलन भएका छन् । जस्तो कि बार्बडोस । कतिपय देशमा राजतन्त्र विरोधी आन्दोलन र राजनीतिक शक्ति बलियो हुँदै गएका छन् जस्तो कि- थाइल्याण्ड ।

यो धर्तीमा २२५ राजनीतिक एकाइ छन् यतिखेर । तीमध्ये ९० प्रतिशतभन्दा बढी गणतान्त्रिक भइसकेका छन् । राजतन्त्रलाई मानार्थ राष्ट्रप्रमुख मान्ने बेलायत बाहेकका १५ वटा कमनवेल्थ राष्ट्र छोडेर हिसाब गर्ने हो भने अब राजतन्त्रात्मक मुलुकहरू मुश्किलले दुई दर्जन बाँकी होलान् । त्यसमा पनि निरंकुश राजतन्त्र त आधा दर्जन पनि नहोलान् ।

माथिको कवितामा भने जस्तो राजतन्त्र निरन्तर घट्दो छ संसारभरि र एक प्रचलित भनाइ जस्तो कुनै दिन संसारमा दुई वटा मात्र बादशाह रहनेछन्- एउटा बेलायतमा र अर्को तासको पत्तामा ।

राजतन्त्र विरुद्ध लोकतन्त्रको लडाइँ कुनै पूर्वाग्रहको लडाइँ थिएन । यसको एक ठूलो ऐतिहासिकता र सैद्धान्तिक आधार थियो । त्यो हो- दैवीशक्ति, वंशवाद र अन्धविश्वासको सिद्धान्त विरुद्ध सामाजिक सम्झौताको सिद्धान्त । यी दुईमध्ये आधुनिक राष्ट्रिय-राज्य कुन सिद्धान्तमा आधारित भएर चल्नुपर्दछ भन्ने बहस । र यो बहसमा फरक दृष्टिकोण ।

के कुनै परिवारमा जन्मिएकै कारणले कुनै व्यक्तिले कुनै आधुनिक राष्ट्रिय-राज्यको राज्य प्रमुख वा शासक हुने अधिकार राख्दछ ? यदि राख्दछ भने त्यसको वैज्ञानिक, वस्तुगत आधार के ? हो दैवीशक्तिको सिद्धान्तबाट त्यो सिद्ध हुन सक्दछ कि उसलाई भगवानले त्यस्तो भाग्य दियो । वंशवादको सिद्धान्तमा त्यो सिद्ध हुन सक्दछ कि ऊ कुनै खास र ऐतिहासिक परिवार वा वंशमा जन्मियो । अन्धविश्वासको सिद्धान्तमा त्यो सिद्ध हुन सक्छ किनकि अन्धविश्वास भनेकै मान्दिने हो, कुनै प्रष्ट वैज्ञानिक तथा सैद्धान्तिक आधार विना ।

जब हामी स्वतन्त्रता, समानता र न्यायको सिद्धान्तबाट हेर्दछौं, त्यसको कुनै वैज्ञानिक आधार देखापर्दैन । सामाजिक सम्झौताको सिद्धान्तमा सबै मान्छे बराबर हुन् । उनीहरूको सार्वभौमसत्ता बराबर हो । उनीहरूको अवसरको अधिकार बराबर हो । समानताको सिद्धान्तमा कुनै वंशमा जन्मिएकै कारणले कसैले कुनै विशेषाधिकार वा अग्राधिकार प्राप्त गर्न सक्दैन । यदि सक्दछ नै भने पनि उसले त्यो कर्म र सामाजिक स्वीकार्यताद्वारा हासिल गर्नुपर्दछ जन्मद्वारा हैन ।

कतिपय मानिस अझै यो ठान्दछन् कि 'संवैधानिक वा सांस्कृतिक राजतन्त्र' हुँदा त के बिग्रन्थ्यो । त्यो खोपीको देउता जस्तो हुन्थ्यो । लोकतन्त्रलाई कुनै हानि पुग्दैनथ्यो । देउता नै पुज्ने रहर हो भने देउता नै पुजे भो त यतिका धेरै मन्दिर, मस्जिद, गुम्बा, चैत्य, चर्च छँदैछन् त ? कुनै व्यक्तिलाई देवता किन बनाउने ? देउता मान्नका लागि कुनै व्यक्ति वा संस्थामा देवत्वको गुण हुनु पनि पऱ्यो नि !

यो बहसको अर्को पाटो पनि छ । कोही संवैधानिक तथा सांस्कृतिक मात्र भइदिने कुराको ग्यारेन्टी कसले गर्ने ? त्यो प्रयास त भएकै थियो नेपालमा तीन-तीन पटक । २००७ साल, २०१५ साल र २०४६ सालमा । त्यो सम्झौता कसले तोड्यो ? प्रश्न यहाँनेर थियो ।

२००७ साल फागुन ७ गतेको घोषणामा नयाँदिल्लीबाट फर्किएर त्रिभुवनले 'उप्रान्त देश संविधानसभाले बनाउने गणतान्त्रिक विधान अनुसार चल्ने' घोषणा गरेका थिए । संविधानसभाको चुनाव कसले रोक्यो ? २०१७ सालमा निर्वाचित संसदको विघटन गर्ने महेन्द्र शाह 'संवैधानिक वा सांस्कृतिक' मात्र भएर बस्न राजी थिए, भए ?

'असोज १८' र 'माघ १९' जस्ता घटना गराउने ज्ञानेन्द्र शाह 'संवैधानिक वा सांस्कृतिक' हुन्छन् होला ? हुने भए त्यतिखेर नै भए भइहाल्थ्यो नि ? आफ्नै कुबुद्धिले मौका गुमाएपछि रुँदै हिंडेर हुन्छ ? जहाँसम्म गणतन्त्रलाई विदेशीसँग जोड्ने प्रयत्न गरिन्छ, फेरि तिनैले बेलायत, जापानको उदाहरण चाहिं किन दिनु पऱ्यो ? के ती चाहिं विदेश हैनन् ? स्वदेश हुन् ?

खासमा राजतन्त्र पनि मध्य तथा सामन्ती युगको एक विश्वव्यापी प्रणाली थियो, लोकतन्त्र पनि आधुनिक युगको एक विश्वव्यापी प्रणाली हो । यो लडाइँमा न कोही देशी छ न कोही विदेशी । यो मूल्यमान्यता बीचको विश्वव्यापी लडाइँ थियो । अन्धकारको युग र उद्बोधनको युग बीचको युगीन चेतनाको लडाइँ हो । यो यति सजिलो कुरा हुन्थ्यो त ज्ञानेन्द्र शाह आज भारतका जोगी-संन्यासीको पाउमा भेटी चढाउँदै, रुँदै, हारगुहार गर्दै, गिड्गिडाउँदै हिंड्ने थिएनन् । के ती जोगी संन्यासी चाहिं स्वदेशी हुन् ?

कसैले भन्न सक्ला, के गणतन्त्रमा चाहिं सबै नागरिक बराबर छन् ? सिद्धान्तमा बराबर भएर हुन्छ, व्यवहारमा बराबर छन् ? निर्वाचित प्रतिनिधिहरू नै नयाँ राजा जस्ता भएका छैनन् ? नेता-नेतृहरू नै नयाँ महाराजा, नयाँ महारानी जस्ता भएका छैनन् ? हजारौं राजाभन्दा एउटा राजा किन नमान्ने ? एउटै राजा मान्न सजिलो हो नि !

बिल्कुलै वाहियात्, गलत र खतरनाक तर्क यो हो । जनप्रतिनिधि आवधिक हुन्छन् । गलत गर्दा अर्को चुनावमा उसलाई हराउन सकिन्छ, कम्तीमा त्यसो गर्न सकिने सम्भावना बाँकी हुन्छ । पार्टीहरू क्षणिक हुन् । नयाँ पार्टीहरू जन्माउन सकिन्छ । नेताहरू जनताकै बीचबाट जन्मेर, विकास भएर आउने हुन्, कुनै दरबारको अँध्यारो खोपीबाट हैन ।

लोकतन्त्र एक प्रक्रिया हो, जहाँ राम्रो नराम्रो दुवै हुन सक्दछ । नराम्रोमाथि राम्रोको संघर्ष, विजय र शुद्धीकरण प्रक्रियाको निरन्तर अवसर हुन सक्दछ । यी चिज गणतान्त्रिक लोकतन्त्रमा मात्र हुन सक्दछन् ।

कुनै एउटा मान्छे र परिवारभन्दा एक हजार 'राजा' हुनु राम्रो हो । अझ एक हजार भन्दा तीन करोड नागरिक सबै 'राजा' हुनु राम्रो हो । शक्ति निक्षेपणको सिद्धान्तले भन्छ- कुनै एउटा व्यक्ति, एक संस्था वा एक ठाउँमा केन्द्रित गरेर राख्नु भन्दा शक्तिलाई सर्वत्र छिरोल्नु राम्रो हुन्छ । किनकि शक्ति जति बढी केन्द्रीकृत हुन्छ, त्यति नै त्यो हानिकारक । त्यति नै भ्रष्ट र मानवताविरोधी हुन्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा आज कम्तीमा उपप्रधानमन्त्री तथा गृहमन्त्री भएकाहरू पनि पक्राउ पर्दैछन्, छानबिन र कार बाहीमा जाँदैछन् । यो पर्याप्त हैन । तर, के हिजो पदम ठकुराठी गोली काण्ड, मूर्ति चोरी गर्ने भूमिगत गिरोह र नमिता-सुनिता बलात्कार काण्डका दोषीहरूलाई यसरी नै पक्राउ गर्न सकियो ? स्वयं राजपरिवारका सदस्य संलग्न यस्ता काण्डहरूको छानबिन र कारबाही गर्ने कुनै विधि थियो ? स्वयं नारायणहिटी हत्याकाण्डका हत्यारा मानिएका दीपेन्द्र शाहलाई राजा घोषणा गरेबाट प्रष्ट हुन्छ कि त्यो प्रणाली कति फन्टुस र वाहियात थियो ।

यो मान्न कुनै गाह्रो छैन कि हाम्रो गणतन्त्र, हाम्रो लोकतन्त्र, हाम्रो संघवादमा अहिले पनि थुप्रै समस्या छन् । यसले उचित 'डेलिभरी' दिन सकेको छैन । भ्रष्ट नेताहरूको चंगुलमा, नालायकहरूको दलतन्त्रमा फसेको छ यो । जनताका अपेक्षा पूरा गर्न सकेको छैन ।

तर, यो त वर्तमान दल र नेताहरूको कमजोरी हो । मूलत: कांग्रेस-कम्युनिष्ट दल र तिनका नेताहरूको कमजोरी हो । कुनै अमूक दल र नेताको कमजोरी, गल्ती र अक्षमतासँग गणतन्त्रको महानतालाई तुलना गर्न मिल्दैन । यी एकअर्कामा तुलनीय र साटासाट हुनसक्ने विषय नै हैनन् ।

संसारका सबै मुलुकमा कुनै न कुनै प्रकारका समस्या छन् । समस्याको प्रकृति र मात्रा फरक होला तर समस्या छन् । अमेरिकामा पनि समस्या छन्, जो संसारकै शक्तिशाली मुलुक हो । युरोपमा पनि समस्या छन्, जो सर्वाधिक समृद्ध महादेश हो । तर, समस्या त समाधान गर्दै अघि बढ्ने हो । त्यसको मूल्यमा स्वतन्त्रता, समानता, बन्धुत्व र न्याय सिद्धान्तको हत्या गर्ने हैन । त्यस्तो मूर्खता कसैले गर्न सक्दैन । गर्न हुँदैन । कम्तीमा नेपाली जनताले अवश्य गर्ने छैनन् ।

गणतन्त्र एक महान् सपना थियो हाम्रा लागि, जुन सपना साकार हुन्छ, हुँदैन कुनै ग्यारेन्टी थिएन । यो सपना देख्नु आफैंमा यति ठूलो जोखिमको विषय थियो कि आज त्यो स्तरको राजनीतिक जोखिम कुनै छैन, कसैका लागि ।

आज हामी सामाजिक तथा राजनीतिक भूमिकामा तीव्र पुस्तान्तरणको संक्रमणकालमा छौं । राजनीतिक चेतना र सहभागितामा औपचारिक हिसाब-किताब १० वर्ष उमेर समूहबाट सुरु हुन्छ भनेर मान्ने हो भने २०५३ सालपछि जन्मिएकाले यो संघर्षको निर्ममता, कठोरता र ऐतिहासिकतालाई आफ्नै जीवनकालमा अनुभूति नगरेका हुन सक्दछन् ।

जनआन्दोलन २०६२/६३ पछि जन्मिएको पुस्ता १८ वर्षको भइसक्यो । गणतन्त्रपछि जन्मिएका नै २०८४ सालको आम निर्वाचनमा मतदाता हुनेछन् । यो देशको जिम्मेवारी अब उनीहरूकै हो । लोकतन्त्रको जिम्मेवारी पनि अब उनीहरूकै हो । लोकतन्त्र वा गणतन्त्रका लागि लडेको पुस्ताको संख्या अनुपात अब निरन्तर घट्दै जानेछ दिनप्रतिदिन । अब यसको महत्ता नयाँ पुस्ताले नै अनुभूत गर्नुपर्दछ ।

आफ्नै जीवनकालमा साकार भएको यो सपनाको महानता र गौरवलाई हामी किमार्थ कम आँक्न सक्दैनौं । र, हाम्रो युवा र नयाँ पुस्ताले पनि आफ्नै पुर्खा र अभिभावकहरूको आँशु, पसिना र रगतको मूल्यलाई कम आँक्न हुँदैन । स्वतन्त्रता विनाको समृद्धिको आकांक्षा सुनको पिंजडामा थुनिएको सुगाको जस्तो हो, जो कहिल्यै र किमार्थ हाम्रो आदर्श बन्न सक्दैन ।

*(साभार: अनलाइनखबर)*

# बजेटमा निजी क्षेत्रका अपेक्षा

✍ चन्द्र ढकाल

आर्थिक गतिविधि संकुचित हुँदै जाँदा अन्तत: मुलुकको अर्थतन्त्र नै मन्दीतर्फ उन्मुख छ । केन्द्रीय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार, उद्योग, निर्माण र व्यापार क्षेत्रको वृद्धिदर चालु आर्थिक वर्षका तीनवटै त्रैमासमा निरन्तर ऋणात्मक छ ।

लगानीकर्ता र उपभोक्ता दुवैले 'कन्फिडेन्स' गुमाएका छन् । लगानीकर्ताले कन्फिडेन्स गुमाउँदा एकातर्फ लगानीमा समस्या देखिएको छ, नयाँ लगानी नहुँदा नयाँ रोजगारीको अवसर सृजना र अर्थतन्त्र चलायमान हुन सकेको छैन भने, अर्कातर्फ बढ्दो महँगी र अनिश्चितताका कारण उपभोक्ताले कन्फिडेन्स गुमाउँदा उत्पादित वस्तु तथा सेवाको बजारमा संकुचन आएको छ । यसका कारण समग्र अर्थतन्त्र नै शिथिल बन्दै गएको छ । यसको प्रत्यक्ष र गम्भीर असर साना व्यवसायी र आम उपभोक्ताले चुकाउनु परिरहेको छ । अन्य क्षेत्र पनि समस्याबाट उम्कन सकेको देखिँदैन । सरकारले सार्वजनिक गर्ने आगामि बजेटमा यी सबै समस्याको सम्बोधन गरी अर्थतन्त्रलाई तत्काल लयमा ल्याउन विशेष कदम चाल्नुपर्ने हुन्छ ।

### अर्थतन्त्र पुनरुत्थान र राहत

तत्कालका लागि अर्थतन्त्रको समग्र मागमा आएको ह्रास, लगानी संकुचन, मूल्यवृद्धि, न्यून पुँजीगत खर्च, घट्दो राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चापलाई सम्बोधन गरी अर्थतन्त्रलाई लयमा फर्काउनुपर्छ । र, दीर्घकालका लागि लगानीमैत्री वातावरण बनाउँदै लगानी अभिवृद्धि, आर्थिक स्थायित्व, रोजगारी सृजना तथा तीव्र र दिगो आर्थिक विकासको रुझान सरकारले ल्याउने आगामी बजेटमा देखिनु आवश्यक छ ।

आर्थिक मन्दीलाई सम्बोधन गर्न उद्यमी-व्यवसायी एवं सर्वसाधारणको मनोबल उच्च बनाई आर्थिक गतिविधि बढाउन माग सृजना गर्ने किसिमका कार्यक्रम बजेटमा ल्याउनुपर्ने हुन्छ । त्यस्तै, धेरै समस्यामा परेका निर्यातमूलक तथा आयात प्रतिस्थापन गर्ने उद्योगह निर्माण, कृषि, पर्यटन, पूर्वाधार, यातायात, साना तथा मझौला उद्यम र राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा बजेटले तत्काल राहत तथा पुनरुत्थानको कार्यक्रम ल्याउनुपर्ने हुन्छ ।

### नीतिगत स्थायित्व र लगानीमैत्री वातावरण

राजनीतिक तथा नीतिगत स्थायित्व लगानी र विकासका महत्त्वपूर्ण पूर्वसर्त हुन् । तर, हाम्रो सन्दर्भमा हामी तीन दशकदेखि राजनीतिक उथलपुथल र सरकार परिवर्तनको घनचक्करमा परिरहेका छौं । सरकार परिवर्तनसँगै मन्त्री र मन्त्रीसँगै नीति परिवर्तन हुँदा लगानीकर्ता सधैं दोधारमा पर्ने गरेका छन् । नयाँ संविधान र संघीयतासँगै राजनीतिक एजेन्डा सकिएको र आर्थिक एजेन्डामा केन्द्रित हुने बताइएको भए पनि अहिलेसम्म त्यस्तो हुन सकेको छैन । त्यसैले राजनीतिक एजेन्डालाई आफ्नो बाटामा निरन्तरता दिँदै आर्थिक एजेन्डालाई सबै राजनीतिक दलको साझा एजेन्डा बनाउने गरी अगाडि बढ्नुपर्छ ।

विक्रम संवत् २०८० को दशकलाई आर्थिक विकास र समृद्धिको अवधिका रूपमा अगाडि बढाउन र यस दशकको पहिलो बजेटलाई त्यसको सुरुआती बजेट बनाउन आवश्यक छ । राजनीतिक स्थायित्व, नीतिगत स्थायित्व र लगानी सुरक्षाको ग्यारेन्टी हुन सक्यो भने मात्र मुलुकमा लगानीमैत्री वातावरण बन्न गई स्वदेशी तथा विदेशी दुवै लगानी बढाउन सकिने हुन्छ, जसले तीव्र विकास र वृद्धिलाई साकार तुल्याउँछ ।

### निजी क्षेत्रसँग साझेदारी

नेपाल उद्योग वाणिज्य महासंघले हालै सार्वजनिक गरेको नेपालमा निजी क्षेत्रको अवस्था सम्बन्धी प्रतिवेदन अनुसार, कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको भूमिका ८१.५ प्रतिशत र रोजगारीमा ८५.६ प्रतिशत छ । मुलुकको विकासको मेरुदण्ड निजी क्षेत्र रहेको एवं निजी क्षेत्रको विकास र विस्तारबिना मुलुकको आर्थिक विकास र समृद्धि सम्भव नरहेको स्पष्ट छ । विकासका लागि लगानी बढाउन जरुरी छ । लगानी बढाउन लगानीमैत्री वातावरण बनाउनुपर्छ । त्यसका लागि निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ, मनोबल बढाउन जरुरी छ । यी सबैका लागि आगामी बजेटले तदनुरूपका नीति तथा कार्यक्रमहरू ल्याउनुपर्छ ।

जनअपेक्षा अनुरूप आर्थिक विकास र समृद्धिका लागि ठूलो मात्रामा स्वदेशी लगानीका साथसाथै विदेशी लगानी पनि आकर्षित गर्नुपर्ने हुन्छ । यसका लागि सार्वजनिक-निजी साझेदारी मोडलमा ठूला र बहुआयामिक आयोजनामा लगानी आकर्षित गर्नुपर्ने हुन्छ । यसले अहिलेको शिथिल अर्थतन्त्रलाई तङ्ग्र्याउन, ठूलो संख्यामा रोजगारी सृजना गर्न, उत्पादन बढाउन, आयात प्रतिस्थापन गर्न, राजस्व वृद्धि गर्न र तीव्र विकासको लक्ष्य हासिल गर्नसमेत सहयोग पुऱ्याउनेछ । यसतर्फ पनि आगामी बजेटले ध्यान पुऱ्याउनुपर्छ ।

### पूर्वाधार विकासमा जोड

पूर्वाधार आर्थिक तथा सामाजिक विकासको एउटा महत्त्वपूर्ण र आधारभूत आवश्यकता हो । नेपालका सन्दर्भमा ठूला र बहुआयामिक पूर्वाधारको विकास हुन नसक्दा लगानीको वातावरण बन्न नसकेको यथार्थ हामीसामु छर्लंगै छ । बाटो, बिजुली, पानी, शिक्षा तथा स्वास्थ्यजस्ता आवश्यक पूर्वाधारले आयोजनाको लागत, प्रतिफल, बजार र दिगोपनजस्ता थुप्रै पक्षमा प्रत्यक्ष असर पार्ने गर्छन् । त्यसैले सरकारले दिगो र ठूला पूर्वाधारहरूमा लगानी गर्नु आवश्यक हुन्छ । यस्तो लगानीमा निजी क्षेत्र उत्प्रेरकका रूपमा आउन तयार छ ।

जलविद्युत् एवं पर्यटन पूर्वाधारहरू होटल, केबलकार तथा रिसोर्टमा भएको लगानी यी क्षेत्रका लागि 'गेम चेन्जर' साबित भइसकेको छ । दिगो र रणनीतिक पूर्वाधारले दीर्घकालमा लगानीमैत्री वातावरण बनाउँदै विकास र समृद्धिको ढोका खोल्ने मात्र होइन, तत्कालका लागि रोजगारी सृजना गर्न, लगानीकर्ताको मनोबल बढाउन, आर्थिक गतिविधि बढाउन, अर्थतन्त्र चलायमान गराउन र राजस्व बढाउनसमेत विशेष योगदान गर्छ ।

बाँकी पृष्ठ-३....

# रेशम चौधरी : अधिकारको आन्दोलनले जेल, सत्ता सहयात्राले आममाफी

काठमाडौं/टीकापुर घटनामा जन्मकैदको सजाय काटिरहेका पूर्वसांसद रेशम चौधरीले आममाफी पाएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र दिवसको अवसरमा रेशमसहित १९ जनाको कैद सजाय माफी दिएका हुन् ।

मन्त्रिपरिषद्ले आइतबार बिहानै रेशमको करिब १५ वर्ष कैद सजाय माफी गर्न सिफारिस गरेको थियो । मन्त्रिपरिषद्को सिफारिस बमोजिम टोपबहादुर बुढा सहित १९ जनालाई संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५९ बमोजिम गणतन्त्र दिवसको उपलक्ष्यमा माफी भएको राष्ट्रपति कार्यालयले जनाएको छ । पाँच वर्ष ३ महिना जेल सजाय काटेका चौधरीको १४ वर्ष ९ महिना जेल सजाय छुट भएको हो ।



डिल्लीबजार कारागारका जेलर खड्गराज शर्माका अनुसार रेशमलाई आममाफी दिने राष्ट्रपतिको निर्णय गृह मन्त्रालयबाट कारागार व्यवस्थापन विभाग हुँदै पत्र आएपछि कार्यान्वयन हुनेछ । सम्भवत: भोलि १० बजे नै उनी छुट्ने छन् ।

रेशमको परिवारमा भने खुसी छाइसकेको छ । 'हामीले त अदालतबाटै न्याय होस् भन्ने चाहेका थियौं', भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीसमेत रहेकी चौधरीकी श्रीमती रञ्जिता श्रेष्ठले खुसीभावमा भनिन्, 'आज उहाँलाई कारागारबाट बाहिर ल्याउन सफल भएका छौं ।'

**अधिकारको आन्दोलनले जेल**

विद्यार्थी जीवनकालमा एमालेको विद्यार्थी संगठन अनेरास्ववियुबाट रत्नराज्यलक्ष्मी क्याम्पसको स्ववियु सदस्य समेत भएका रेशम गीत संगीतमा लागेपछि सक्रिय राजनीतिबाट लगभग अलग भएका थिए ।

राजनीतिबाट अलग भएपछि उनी मार्सल आर्ट प्रशिक्षक भए, रेडियो कार्यक्रम चलाउन थाले । तत्कालीन राजा ज्ञानेन्द्र शाहले शासन सत्ता हातमा लिएपछि प्रधानमन्त्रीका लागि निवेदन माग गर्दा रेशमले पनि निवेदन दिएर चर्चामा आए । २०६२/६३ को आन्दोलन सफल भएपछि रेशम कैलालीको टीकापुर फर्किए ।

टीकापुरमा फूलबारी एफएम चलाउन थाले, टीकापुर महोत्सव गर्न थाले । महोत्सवमा प्रमुख दलका नेताहरुलाई प्रमुख अतिथि बनाएर लैजाने गरेका उनले नेता बन्ने चाह लुकाएका थिएनन् ।

दोस्रो संविधानसभामा प्रदेशहरुको संख्या र सीमाबारे बहस चर्किरहेका बेला देशका विभिन्न भागमा आन्दोलन उठ्यो । सुदूरपश्चिममा थरुहट र अखण्ड सुदूरपश्चिमको नारा लाग्यो । रेशम बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुरको थारु बहुल क्षेत्रलाई छुट्टै प्रदेश बनाउनुपर्छ भन्ने आन्दोलनमा लागे ।

त्यसक्रममा ७ भदौ २०७२ मा टीकापुरमा हिंसात्मक घटना भयो । तत्कालीन सेती अञ्चल प्रहरी प्रमुख एसएसपी लक्ष्मण न्यौपानेसहित ८ प्रहरी र एक बालकको हत्या भयो । त्यसको अक्रोशमा भोलिपल्ट रेशमको घर, एफएममा आगजनी भयो । थारु समुदायका ८८ वटा घरमा लुटपाट र आगजनी भयो ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले आफूसहित ८८ जनाविरुद्ध मुद्दा चलाएपछि रेशम फरार भए । भूमिगत रहेकै अवस्थामा कहिले जंगल त कहिले खेतबारीमा भिडियो रेकर्ड गराएर आफू निर्दोष भएको सन्देश प्रवाह गरिरहे । २०७३ असोजमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमणमा रहेका बेला रेशम एक रात्रिभोजमा उनलाई भेट्न सफल समेत भए ।

२०७४ मंसिरमा आमचुनाव भयो, रेशमले भूमिगत स्थितिमै तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट कैलाली १ मा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिए । अनि, वाम र लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई २१ हजारको फराकिलो अन्तरले हराउँदै सांसद चुनिए । वारेफमार्फत उम्मेदवारी दिएर चुनाव त जिते, सांसद निर्वाचित भएको प्रमाणपत्र बुझ्न आफैं आउनुपर्ने भयो ।

त्यसरी आउँदा पक्राउ पर्ने पक्का थियो, त्यसले वारेसमार्फत प्रमाणपत्र बुझ्न पाउनुपर्ने माग गर्दै वारेसमार्फत सर्वोच्च अदालतमा रिट निवेदन दिए । सर्वोच्चले आफ्ना माग अस्वीकार गरेपछि रेशमले १५ फागुन २०७४ मा आफूविरुद्ध मुद्दा दर्ता भएको जिल्ला अदालत, कैलालीमा आत्मसमर्पण गरे ।

पुर्पक्षका लागि थुनामा रहेकै बेलामा १९ पुस २०७५ मा सांसदको शपथ लिए । त्यसको दुई महिनापछि जिल्ला अदालत, कैलालीले जन्मकैदको सजाय सुनायो भने ३ पुस २०७७ मा उच्च अदालत, दिपालयले राजकुमार कठरियासहित तीन जनाको जन्मकैद उल्टी गर्दा पनि रेशमको सजायलाई सदर गर्‍यो ।

दुई पटकको संसद विघटन पछि उनी आवद्ध दल (राजपासँग एकतापछि) जनता समाजवादी पार्टी (जसपा) शेरबहादुर देउवा नेतृत्वको सरकारमा गयो, तर न उनको मुद्दा फिर्ता भयो, न उनी रिहा भए । एक पटक पनि संसद बैठकमा सहभागी हुन नपाई उनको ५ वर्षे कार्यकाल सकियो ।

**सत्ता सहयात्राले आममाफी**

जेलमा बसेर भएपनि राजनीतिलाई नियालिरहेका रेशमले अर्को निर्वाचनको पूर्वसन्ध्यामा अर्को कदम चाले, श्रीमती रञ्जिताको नेतृत्वमा नागरिक उन्मुक्ति पार्टी गठन । पुस २०७९ मा गठन भएको नाउपाले रेशम चौधरीकै तस्वीर राखेर चुनावमा नारा लियो, 'ढकियामा मतदान, जीवनदान ।'

वैशाख २०७९ को स्थानीय चुनावमा नाउपाले टीकापुर साथै भजनी नगरपालिका, जानकी र जोशीपुर गाउँपालिकामा प्रमुख नै जित्यो । त्यही नाराका साथ मंसिरको चुनाव लडेको नाउपाले प्रतिनिधि सभामा चार सांसद जित्यो ।

कैलाली १ मा रञ्जिता आफैं जित्दा २ मा अरुण चौधरी र ३ मा गंगाराम चौधरी विजयी भए । रेशम आफैं बर्दिया २ मा उम्मेदवार भएका थिए, उनको उम्मेदवार खारेज भएपछि स्वतन्त्र उम्मेदवारका रुपमा उनका बुबा लालवीरले चुनाव जिते । समानुपातिकतर्फ थारु बहुल क्षेत्रमा राम्रै मत पाएको थियो । यद्यपि कुल सदर मतको ३ प्रतिशतको थ्रेस होल्ड कटाउन सकेन ।

प्रदेशसभामा भने सुदूरपश्चिममा नाउपा सत्ता समीकरणमा निर्णायक रह्यो । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नाउपाको ७ सिट रह्यो र नाउपाले मत नदिएकै कारण एमाले-माओवादी गठबन्धनबाट मुख्यमन्त्री भएका राजेन्द्र रावल पदमुक्त भए । अहिले कांग्रेस-माओवादी गठबन्धनको सरकार छ, र नाउपा निर्णायक नै छ ।

यस्तै ८७ सदस्यीय प्रदेशसभा भएको लुम्बिनीमा ४ र १०७ सदस्यीय मधेश प्रदेशमा १ सिट छ ।

केन्द्रमा एमाले-माओवादी गठबन्धन हुँदा सरकारको समर्थक बनेको नाउपा अहिले कांग्रेस-माओवादी गठबन्धनमा सत्ता सहयात्री बनेको छ । नाउपा अध्यक्ष रञ्जिता आफैं १७ चैतमा भूमि व्यवस्थामन्त्री भएकी छन् ।

सत्ता सहयात्रासँगै रेशमको मुद्दाले पनि गति लियो । सरकारले रेशमको मुद्दा फिर्ता लिन मिल्ने गरी विधेयक ल्यायो । उक्त विधेयक संसदमा विचाराधीन रहेकै बेला सर्वोच्च अदालतमा लामो समयदेखि विचाराधीन पुनरावेदनमा सुनुवाइ भयो र २ जेठमा उनको जन्मकैद सदर भयो । लक्ष्मण थारुको कैद उल्टी हुनुका साथै जन्मकैदको सजाय काटिरहेका सीताराम र गंगाराम चौधरीको सफाइ पाउँदा रेशमको हकमा उच्च अदालत, दिपायलको फैसला सदर भएको थियो ।

तर त्यसको दुई साता बित्न नपाउँदै सरकारको प्रस्तावमा राष्ट्रपतिले रेशमले बाँकी कैद सजाय माफी दिएका छन् ।

'मन्त्रिपरिषद र राष्ट्रपतिबाट हुने केही सुविधा पायौं, तर न्याय त पाएका छैनौं' हिजोको घटना पनि नयाँ भएको र यसबारे धेरै मनिस अनिभिज्ञ रहेको भन्दै नाउपाका नेता लक्ष्मण थारु भन्छन्, 'अझै ४ जना जेलमै छन्, अरु साथीहरु फरार छन् । त्यसैले थरुहट आन्दोलन र टीकापुर घटनालाई राजनीतिक रुपमा सम्बोधन गरिनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# बजेटमा निजी...

**कृषिको विशिष्टीकरण र व्यवसायीकरण**

नेपाललाई कृषिप्रधान देश भने पनि अधिकांश कृषिउपजको आयात नै हुने गर्छ । कृषि क्षेत्रलाई न विशिष्टीकरण गर्न सकिएको छ, न व्यवसायीकरण नै । परम्परागत खेती प्रणालीले गर्दा शैक्षिक जनशक्तिलाई कृषिमा आकर्षित गर्न सकिएको छैन भने लामो समयदेखि यस क्षेत्रमा आबद्ध किसानहरू पनि अन्य पेसातर्फ पलायन हुने क्रम बढ्दो छ । त्यसैले, परम्परागत निर्वाहमुखी कृषिलाई विशिष्टीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्दै शिक्षित युवालाई त्यसतर्फ आकर्षित गर्ने गरी बजेटले विशेष कार्यक्रम ल्याउन जरुरी छ । त्यसै गरी, नेपालका सन्दर्भमा निजी व्यावसायिक घरानाहरूले कृषि र कृषिसँग सम्बन्धित उद्योगलाई आत्मसात् गर्न सकिरहेका छैनन् । निजी कर्पोरेट हाउसलाई कृषि क्षेत्रमा आकर्षित गर्न पनि बजेटले विशेष कार्यक्रम ल्याउनुपर्छ ।

**साना तथा मझौला व्यवसायको विकास र संरक्षण**

साना तथा मझौला व्यवसाय नेपालको अर्थतन्त्रका मेरुदण्ड हुन् । निजी क्षेत्रले सार्वजनिक गरेको प्रतिवेदनले पनि निजी क्षेत्रको समग्र योगदानमा साना व्यवसायको हिस्सा ६२ दशमलव ४ प्रतिशत र मझौला व्यवसायको २२.९ प्रतिशत देखाएको छ । कोभिड महामारीदेखि रुस-युक्रेन युद्ध, उच्च ब्याजदर र बढ्दो महँगीका कारण पनि साना व्यवसाय ठूलो संकटमा छन् । यी व्यवसायलाई तत्काल राहत र संरक्षणको जरुरत छ । विदेशी वस्तुका तुलनामा केही महँगो भए पनि स्वदेशी वस्तुहरू खरिद गर्ने नीतिलाई प्रभावकारी रूपले कार्यान्वयन गरी निर्यातमूलक र आयात प्रतिस्थापन गर्ने व्यवसायहरूका लागि विशेष कार्यक्रम ल्याउनुपर्छ । त्यस्तै, साना तथा मझौला व्यवसायलाई अहिलेको परिवर्तित प्रविधि र विश्वबजारसँग प्रतिस्पर्धी बनाउन आवश्यक पुँजी र प्रविधि सम्बन्धी ज्ञान र सीप प्रदान गर्दै सबलीकरण गर्नुपर्ने हुन्छ । यसका लागि सरकारले आगामी बजेटमार्फत साना तथा मझौला व्यवसायको संरक्षण, विकास र पुनरुत्थानका लागि विशेष कार्यक्रम ल्याउन जरुरी हुन्छ ।

रोजगार र स्वरोजगार-उन्मुख सीप विकास सीपयुक्त जनशक्ति राष्ट्र विकासको अर्को अभिन्न अंग हो ।

अहिलेको शिक्षा प्रणालीले शैक्षिक बेरोजगार मात्र उत्पादन गरेको यथार्थ कसैबाट लुकेको छैन । हरेक वर्ष ५ लाख हाराहारी युवा जागिरको खोजीमा श्रमबजारमा आउने गर्छन् । अधिकांश युवा स्नातकोत्तरसम्मको अध्ययनपछि पनि खाडी तथा मलेसियामा अदक्ष कामदारका रूपमा मजदुरी गर्न जान बाध्य छन् । यसको समाधान गर्न सरकार तथा निजी क्षेत्रको सहकार्यमा छोटो अवधिका रोजगारमूलक तथा स्वरोजगार-उन्मुख तालिम सञ्चालन गर्न सके स्वेदशमै रोजगारी र स्वरोजगारीको अवसर सृजना हुन सक्ने त छँदै छ, कुनै विशेष सीपसहित वैदेशिक रोजगारीमा जाँदा पनि अहिलेको भन्दा दोब्बर आम्दानी गर्न सक्ने सम्भावना उत्तिकै हुन्छ । त्यसैले निजी क्षेत्रका संस्थाहरूको सहकार्यमा स्थानीय, प्रदेश तथा संघीय सरकारले छोटो अवधिका रोजगारमूलक तथा स्वरोजगार-उन्मुख तालिमहरू सञ्चालन गर्न आगामी बजेटमा ठोस र प्रभावकारी कार्यक्रम ल्याउनुपर्छ ।

अन्त्यमा, बजेटले तत्कालका लागि अहिलेको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउँदै रोजगारी सृजना, उत्पादन, राजस्व र आर्थिक वृद्धिका लागि मुलुकभित्र लगानीमैत्री वातावरण बनाउने विशेष र महत्त्वपूर्ण कार्यक्रमहरू ल्याउन आवश्यक छ । तर, हाम्रो अर्थतन्त्रको आकार सानो भएकाले अपेक्षाकृत रूपमा रोजगारी सृजना, निर्यात वृद्धि तथा आयात प्रतिस्थापन, उच्च र दिगो आर्थिक वृद्धि, र सरकारी राजस्व वृद्धि गर्न अर्थतन्त्रको आकार नै वृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि स्वदेशी एवं विदेशी लगानी भित्र्याउन लगानीमैत्री वातावरण निर्माण पहिलो सर्त हो ।

वैदेशिक लगानी आकर्षित गर्न दक्ष जनशक्ति विकासका लागि सीपयुक्त तालिम, ठूला तथा बहुआयामिक पूर्वाधारमा लगानी वृद्धि र निजी क्षेत्रको सबलीकरण आवश्यक हुन्छ । यसले आर्थिक गतिविधि बढाउँदै उत्पादन वृद्धि, रोजगारी सृजना र राजस्व वृद्धिमा सघाउ पुर्‍याउनेछ र हामीले अपेक्षा गरेको उच्च र दिगो आर्थिक वृद्धि पनि हासिल गर्न सम्भव हुनेछ ।

*(साभार: ई-कान्तिपुर)*

# विपना थापालाई 'युग नायिका'को उपाधि

काठमाडौं/नेपालमा कलाकारहरुलाई विभिन्न उपाधि दिने अचेल होडबाजी छ । कलाकारहरु पनि खुसी हुँदै उपाधि लिइरहेका छन् । यस्तैमा अभिनेत्री विपना थापालाई 'युग नायिका'को उपाधि प्रदान गरिएको छ । शनिबार काठमाडौंमा आयोजित 'स्पर्श म्यूजिक भिडियो अवार्ड'मा उनलाई अभिनयको माध्यमबाट नेपाली फिल्ममा ठूलो योगदान पुर्‍याएको भन्दै उक्त उपाधिबाट सम्मान गरिएको हो ।



उनलाई फिल्म 'जन्मभूमि'बाट अभिनेत्रीको रुपमा डेब्यू गराउने निर्देशक मोहन निरौला, नृत्य निर्देशक कमल राई र छायाँकार राजु केसीले विपनालाई 'युग नायिका'को उपाधि प्रदान गरेका हुन् । कार्यक्रममा कोरियोग्राफर राईले विपनासँग आफूले २०/२५ वटा फिल्ममा काम गरेको स्मरण गर्दै उनको मिहिनेतको खुलेर प्रशंसा गरे । विपनाले 'डान्स स्टेप' चाँडै टिप्ने गरेको पनि उनले बताए ।

त्यस्तै, निर्देशक निरौलाले विपनालाई फिल्म अफर गर्दाको क्षण सम्झँदै भने, 'मैले २०५१ सालमा 'जन्मभूमि' बनाएको थिएँ । हामीले धेरै नायिका खोज्यौं । एकदिन म बुटिकमा बसिरहेको थिएँ । त्यही बुटिकमा मैले विपनालाई देखेको थिएँ । उनी ज्यादै राम्रो थिइन् । अनि मैले उनलाई बोलाएर फिल्ममा काम गर्छौं भनेर सोधेँ । उनले पनि काम गर्ने इच्छा देखाएपछि उनलाई फिल्ममा भित्रायौं ।'

निर्देशक निरौलाले विपनासँग काम गर्न एकदमै सजिलो भएको अनुभव पनि सुनाए । 'हामीले उनलाई अभिनय र नृत्यको प्रशिक्षण गर्नु परेको थिएन । 'जन्मभूमि'पछि उनलाई फिल्महरु आफैं आउन थालें,' उनले भने, 'उनको राम्रो डिमान्ड रहँदा रहँदै विवाह गरेर पलायन भइन् । हाम्रो इन्डस्ट्रीलाई ज्यादै घाटा भएको छ । यस्तो कलाकार हामी फेरि भेट्दैनौं । यसमानेमा म गर्व महसुस गर्छु ।'

उक्त अवार्ड कार्यक्रममा सहभागी हुन विपना बिहीबार भारतबाट नेपाल आएकी थिइन् । कार्यक्रममा उनीद्वारा अभिनीत फिल्मका चर्चित गीतहरुमा अभिनेत्री नम्रता सापकोटा, अभिनेताद्वय दिक्पाल कार्की, यशराजलगायतले नृत्य गर्दै 'ट्रिब्यूट' समेत दिएका थिए । अभिनेत्री थापाले पनि आफू अभिनीत फिल्म 'समुन'मा समावेश चर्चित गीत 'आगो लाग्यो दिलैमा'मा नृत्य प्रस्तुत गरेकी थिइन् ।

*(स्रोत: फिल्मीखबर)*

# लक्ष्यभन्दा २३ अर्ब बढी आन्तरिक ऋण उठाउँदै सरकार

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष (आव) २०७९/८० मा बजेटको लक्ष्यभन्दा २३ अर्ब रुपैयाँ बढी आन्तरिक ऋण उठाउने भएको छ । यो वर्ष सरकारले २ खर्ब ४० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य निर्धारण गरेको भए पनि असार मसान्तसम्म २ खर्ब ६३ अर्ब रुपैयाँ उठाउने भएको हो ।

वित्तीय प्रणालीमा तरलता कम भएर ब्याजदर उच्च भएका बेला सरकारले अनुमान गरेभन्दा पनि बढी कर्जा उठाउन लागेको हो । सरकारको तयारीले तरलता र ब्याजदरमा थप दबाब पुग्ने छ । सरकारले बजेटको मध्यावधि समीक्षामार्फत आन्तरिक ऋण २ खर्ब ४० अर्ब रुपैयाँ उठाउने संशोधित लक्ष्य निर्धारण गरेको थियो । त्यसअघि यस आर्थिक वर्षको बजेटले सुरुमा २ खर्ब ५६ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य लिएको थियो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगले हरेक वर्ष सरकारले उठाउन पाउने आन्तरिक ऋणको सीमा सिफारिस गर्छ । आयोगले यो वर्षको कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत नबढ्ने गरी आन्तरिक ऋण उठाउन सिफारिस गरेको छ । त्यस हिसाबले २ खर्ब ६९ अर्ब ऋण उठाउन पाउने सुविधा सरकारलाई छ ।

बजारमा तरलताको अभाव र ब्याजदर वृद्धिका कारण निजी क्षेत्रतर्फ अपेक्षित रुपमा कर्जा जान सकेको छैन । चालु आवको मौद्रिक नीतिले निजी क्षेत्रमा प्रवाह हुने कर्जा १२.६ प्रतिशतले विस्तार गर्नेलक्ष्य राखेकोमा चैत मसान्तसम्म ३.५ प्रतिशतमात्रै विस्तार भएको छ । अर्थात् असार देखि चैत मसान्तसम्म वित्तीय प्रणालीबाट १ खर्ब ६२ अर्ब कर्जा गएको छ । असार मसान्तसम्म निजी क्षेत्रतर्फ जाने कर्जा ६ प्रतिशत भन्दा धेरैले विस्तार नहुने बैंकरहरु नै बताउँछन् । यस्तै चैत मसान्तसम्म निक्षेप भने ३ खर्ब ५६ अर्बले बढेको राष्ट्र बैंकको तथ्यांक छ । जुन २०७९ असार मसान्तको भन्दा ७ प्रतिशतले वृद्धि हो ।

निजी क्षेत्रमा ठूलो मात्रामा ऋण नगए पनि सरकारले आन्तरिक ऋणको मात्रा बढाउँदा बजारमा अधिक तरलता भने छैन । राष्ट्र बैंकको ९ जेठको तथ्यांक अनुसार बैंकहरुको औसत कर्जा निक्षेप अनुपात (सीडी) रेसियो ८४.८३ प्रतिशत छ । बैंकहरुको औसत सीडी रेसियो हेर्दा सहज देखिएपनि अधिक तरलताको अवस्था नरहेको नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसी बताउँछन् । यो साता बैंकहरुसँग औसतमा २६ देखि ३० अर्बसम्म तरलता थियो ।

चालु आवमा लक्ष्यभन्दा बढी आन्तरिक ऋण लिने र आगामी बजेट पनि यसैमा केन्द्रित हुने हो भने निजी क्षेत्रमा जाने कर्जा संकुचित हुने बैंकर्स संघका अध्यक्ष केसीको तर्क छ । 'सीडी रेसियो ८५ प्रतिशत भएपनि अन्य पैसा सरकारी ऋणपत्रमा लगानी भएकोले अधिक तरलताको अवस्था छैन,' उनले भने, 'ऋण उठाएको पैसा सरकारले पूँजीगत खर्च मार्फत बजारमा पठायो भने तरलतामा सहयोग होला । तर सरकारको स्रोत परिचलन गर्दा आन्तरिक भन्दा बाह्य ऋणमा केन्द्रित हुनुपर्छ ।'

अर्थतन्त्रमा सरकारको योगदान २० प्रतिशत र निजी क्षेत्रको ८० प्रतिशत भएकाले नयाँ काम गर्न निजी क्षेत्रलाई सुविधा दिनुपर्ने उनी बताउँछन् । 'सरकारले धेरै ऋण सापटी लिनु भनेको निजी क्षेत्रलाई दिनुपर्ने पैसा सरकारले लिनु हो' उनले भने, 'अहिले हेर्दा बैंकिङ प्रणाली सबै ठिक छ भने जस्तो देखिन्छ । तर लताको समस्या छैन, भोलि ठूलो वित्तीय घाटा धेरै भयो भने बैंकिङ प्रणालीकै पैसा खिच्ने हो ।'

अहिले निजी क्षेत्रमा कर्जाको माग बढेको अवस्थामा फेरि पनि राष्ट्र बैंकसँग सापट लिनुपर्ने अवस्था रहेको बैंकर्स संघका अध्यक्ष केसी स्वीकार गर्छन् । 'सरकारले १ वर्षमा साढे २ खर्ब आन्तरिक ऋण खिचिरहेको छ । जसको मुख्य स्रोत बैंकहरु नै हुन्,' राष्ट्र बैंकका एक अधिकारीले भने, 'तर समयमा खर्च भएर त्यसले पूँजी निर्माण भई तरलता बढाउन भूमिका खेल्न सकेको छैन । त्यसो हुँदा सरकारले ऋण उठाउँदा बैंकिङ प्रणालीमा तरलतामा दबाब बढ्दै गएको छ ।'

सरकारले हालसम्म २ खर्ब ४ अर्ब ७० करोड रुपैयाँ आन्तरिक ऋण उठाइसकेको छ । राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागको राष्ट्र ऋण परिचालन तालिकाअनुसार अझै ५९ अर्ब ३० करोड रुपैयाँ बराबरको आन्तरिक ऋण उठाउने विभिन्न औजारहरुको बोलकबोल हुनेछ ।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ सरकारले ठूला मात्रामा ऋण उठाउँदा निजी क्षेत्रतर्फको कर्जा सुक्ने बताउँछन् । 'उपलब्ध वित्तीय स्रोत सकारले उपयोग गर्‍यो भने निजी क्षेत्रले पाउन स्रोत संकुचित हुन्छ' श्रेष्ठले भने ।

सरकारले ऋणको लागि बण्ड तथा ट्रेजरी बिल निष्कासन गरिरहने र उच्च ब्याजदर पाउने अवस्था भएमा बैंकहरुले निजी क्षेत्रमा कर्जा लगानी गर्ने भन्दा सरकारी ऋणपत्रमा लगानी गर्ने उनको तर्क छ । 'अहिलो पनि त्यस्तै देखिएको छ । बैंकहरुले निजी क्षेत्रमा कर्जा लगानी गर्ने भन्दा सरकारी ऋणपत्रमा लगानी गर्दा ८/९ प्रतिशत ब्याज पाइरहेका छन्' उनले भने, 'सरकारी ऋणपत्रको लगानी जोखिम रहित र तरल सम्पत्तिमा गणना गर्न सकिने तथा सीडी रेसियोमा पनि गणना नहुने हुँदा सरकारले आन्तरिक ऋण उठाउँदा त्यसमा लगानी गर्न बैंकहरुलाई प्रोत्साहन हुन्छ ।'

पूँजीकोष र सीडी रेसियोको दवाबमा भएको बैंकहरुलाई सरकारी ऋणमा लगानी गर्नु अवसर हुने भएकोले सरकारले ठूलो परिमाणमा आन्तरिक ऋण उठाउँदा बैंकहरुलाई निजी क्षेत्रमा कर्जा लगानी गर्न निरुत्साहित गर्ने राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख श्रेष्ठको तर्क छ ।

सरकारले आन्तरिक ऋण उठाए पनि त्यसबाट पूँजीगत खर्चर गरेर बजारमा पैसा पठाउने हो भने त्यसले समस्या नहुने श्रेष्ठ बताउँछन् । तर, पूँजीगत खर्च न्यून हुने तर आन्तरिक ऋणमार्फत धमाधम बजारबाट तरलता खिच्दा त्यसले तरलतामा दबाब बढाउने उनले बताए ।

राष्ट्र बैंककै पूर्वकार्यकारी निर्देशक तथा अर्थविद् नरबहादुर थापा भने सरकारले ऋण उठाएकै कारण निजी क्षेत्रले स्रोत पाएनन् भन्नुपर्ने अवस्था नरहेको बताउँछन् । 'निजी क्षेत्रमा अहिलेपनि उच्च कर्जा छ । निजी क्षेत्रले पूँजी निर्माणमा भन्दा पनि तत्कालीन लाभको क्षेत्रमा लगानी गरेका छन्,' उनले भने, 'निजी क्षेत्रको लगानी रियल इस्टेट, पूँजीबजार, विलासिताका वस्तु आयातमा छ । पूँजी निर्माण भएको खोइ ?'

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# थाहामा 'पर्यटन साहित्य उत्सव'



साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/जिल्लाको पर्यटकीय गन्तव्य थाहा नगरमा साहित्य संगम मकवानपुरको आयोजना, पर्यटन उद्योग तथा सहकारी मन्त्रालय, थाहा नगरपालिका र पालुङ साहित्य परिषद्को सहकार्यमा पर्यटन साहित्य उत्सव, २०८० आयोजना भएको छ ।

उत्सवमा काठमाडौं, मकवानपुर र देशका विभिन्न जिल्लाका साहित्यकारको सहभागिता रहेको थियो । थाहा नगरपालिकाको पालङुमा रहेको विकास घरमा आयोजना गरिएको उत्सवमा साहित्यका विभिन्न पाटाहरुमा बहस, अन्र्तक्रिया र रचनावाचन भएका थिए । साहित्य संगम मकवानपुरको एकसय ३१ औं साहित्य सन्ध्याको अवसरमा 'पर्यटनका लागि साहित्य' भन्ने मुल नाराका साथ उत्सवको आयोजना गरिएको थियो । उत्सवमा शुक्रबार गजल महफिलको आयोजना गरिएको थियो । गजलकार बाबु त्रिपाठीले सहजीकरण गरेको महफिलमा धर्मराज स्याङ्तान, इन्दिरा अधिकारी, विद्या निर्दोष पहाडी, विनिता महत, श्रीराम अधिकारी, भरतप्रमोद दाहाल, सुवास संजेललगायतका गजलकारले सभाहललाई गुञ्जयमान बनाएका थिए ।

महफिलमा ३५ जना साहित्यकारको उपस्थिति रहेको थियो । त्यसैगरी, दोस्रो दिन शनिवार नियमित साहित्य सन्ध्या, कार्यपत्र प्रस्तुती, बहस तथा कवितावाचन कार्यक्रम भएका थिए । मकवानपुरमा पर्यटन साहित्य: सम्भावना र चुनौती विषयक कार्यपत्र निमेष निखिलले प्रस्तुत गरेका थिए भने कार्यपत्रमाथि टिप्पणी साहित्यकार सुवास खनालले गरेका थिए । उक्त कार्यपत्र माथि सहभागी साहित्यकाले आआफ्नो धारणा व्यक्त गरेका थिए । कार्यक्रमको दोस्रो सेसनमा 'साहित्यसँगै पर्यटन: आन्तरिक पर्यटनको प्रदीपन' भन्ने शीर्षकमा बहस गरिएको थियो ।

जसका वक्ताका रुपमा थाहा नगरपालिकाका उपमेयर भरत गोपाली, भाषा, संस्कृति अध्येता ओम रिजाल, तथा साहित्यकार माया मानवीले पर्यटन प्रवर्द्धन गर्नका लागि सल्लाह सुझाव र चुनौतीमाथि धारणा व्यक्त गरेका थिए । कार्यक्रमका वक्ताले पर्यटनलाई साहित्यसँगै जोडेर लैजाने हो भने पर्यटन क्षेत्रको प्रचार र विकासमा अझ मद्दत पुग्ने बताएका छन् । उनीहरुले स्थानीय सरकारले साहित्यलाई अनुत्पादक क्षेत्रको रुपमा राख्ने गरेको उल्लेख गर्दै पर्यटनमार्फत् भाषा, संस्कृति र पर्यटन क्षेत्रलाई महत्वपूर्ण टेवा पुग्ने बताए ।

संगमका कोषाध्यक्ष मनोज पोखरेलले सहजीकरण गरेको बहस कार्यक्रममा साहित्यकार देवराज खरेलको अभिभावकत्व रहेको थियो । उत्सवमा पर्यावरणसँग सम्बन्धित कविताबाचन कार्यक्रम आयोजना गरिएको थियो । पर्यावरण कविताबाचन सेशनमा भावना सापकोटा, पुण्यशिला श्रेष्ठ, रजनी पौडेल, ज्योत्सना श्रेष्ठ, सुदीप गिरी, प्रज्वल अधिकारी, सुरज पराजुली, नवराज बर्तौला, बाबु त्रिपाठी, प्रकाश समिर, राम बर्तौला, रसिक राज, श्यामकुमार बानियाँ, देवराज तिवारी, विशाल अधिकारी, संप्रश पौडेल, मसान उपासक, अञ्जय प्रधान, यस लामा, चिरञ्जीवी लामिछाने, वैकुठ लामिछानेलगायताका रचनावाचन गरेका थिए ।

महाकाव्यकार नवराज लम्सालको अभिभावकत्व रहेको सो कार्यक्रमको सहजीकरण संगमका उपाध्यक्ष सानु खनालले गरेका थिए । उत्सव साहित्य संगम मकवानपुरका अध्यक्ष अनिता न्यौपानेको अध्यक्षता तथा थाहा नगर पालिकाका नगरप्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि विष्टले देशको संघीय राजधानीसँग जोडिएर पनि मकवानपुर पर्यटन क्षेत्रको ओझेलमा परिरहेको बताए । मकवानपुरको थाहा नगरपालिकालाई पर्यटकीय क्षेत्रको हब बनाउने गरी थाहा नगरपालिकाले काम गरिरहेको उनले बताएका छन् । विश्वका अग्ला शिखरदेखि कलासंस्कृति, मानव सभ्यता, भौतिक निर्माण, विभिन्न प्रजातिका फलफूल, जडिबुटी, चिसो हावापानी र सुन्दर भौगोलिक बनावट र प्राकृतिक सुन्दरका लागि दामन धनी रहेको नगरप्रमुख विष्टले बताए ।

चैत वैशाखमा लालिगुराँसले ढकमक्क हुने यो ठाउँमा यतिबेला आन्तरिक पर्यटनको घुँइचो लाग्न थालेको छ । तर, यहाँबाट वाह भनेर गएकाहरु किन फेरि फर्केर बसोबासको लागि या अन्य कर्म गर्नका लागि यहाँ आउँदैनन् यो चाहि चिन्ताको विषय भएको विष्टले उल्लेख गरे । एकपटक आएकाहरुलाई फेरि आउने वातावरण बनाउन थाहा नगर पालिकाले अध्ययन गरेर काम गरिरहेको उनले बताए । त्यसैगरी थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले साहित्यमा लगानी गरेर पर्यटन भित्राउन साहित्यिक संघसंस्था र साहित्यकारको सहयोग आवश्यक रहेको बताए ।

उनले साहित्यमार्फत् पनि पर्यटन क्षेत्रको प्रचारप्रसार र विकास सम्भव छ भन्ने बल्ल बुझ्दै गएको उल्लेख गरे । उपप्रमुख गोपालीले साहित्यसँग मन मुटुजोडिएको र आगामी दिनमा साहित्यलाई अझ माथि उठाउन विभिन्न कार्यक्रमको आयोजना गरिने प्रतिवद्धता व्यक्त गरे । उत्सवमा साहित्य संगम मकवानपुरका पूर्वअध्यक्षहरु निमेष निखिल, श्यामकुमार बानियाँ, सुवास खनाल, पालुङ साहित्य परिषद्का अध्यक्ष बिर्खे अञ्जान, भीम विराग साहित्य कला प्रतिष्ठान, आँचल साहित्य कला पुञ्ज, सिस्नुपानी नेपाल मकवानपुर, नेपाली लेखक संघ, गजल मञ्च मकवानपुरगायत मकवानपुर जिल्लाका विभिन्न साहित्यिक संघसस्था तथा साहित्यकारको उपस्थिति रहेको थियो ।

# सहकारीको समस्या निराकरण गर्न सरकारलाई ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/सहकारी समस्या समाधान सहजीकरण संयन्त्र, मकवानपुरले नेपाल सरकारलाई १३ बुँदे मागसहित ज्ञापनपत्र बुझाएको छ ।

राष्ट्रिय सहकारी महासंघ, सहकारी समस्या समाधान सहजीकरण कार्यदलले घोषण गरेको आन्दोलन कार्यक्रमअन्तर्गत आइतबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेमार्फत नेपाल सरकार लाई १३ बुँदे मागसहित ज्ञापनपत्र बुझाइएको छ । वर्तमान परिस्थितिले निम्त्याएका समस्या र त्यसको समाधानका लागि सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा भएका प्रवर्द्धनात्मक व्यवस्थाहरु यथाशीघ्र कार्यान्वयनका लागि सहकारी अभियानले गत वैशाख १७ गते सरकार समक्ष पेश गरेको मागहरुलाई सरकारले हालसम्म बेवास्ता गरेको र माग सम्वोधन गर्न अनिवार्य भएकोले उक्त मागहरु सम्बोधन नभएसम्म संघर्षका कार्यक्रमहरु गर्नुपर्ने अवस्था आएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

ज्ञापनपत्रमा सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा व्यवस्था भएको 'कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायीकरण, बचत तथा कर्जा सुरक्षण कोष' तत्काल स्थापना हुनुपर्ने, सरकारले सहकारीमा देखिएका तरलता व्यवस्थापनका लागि राष्ट्रिय सहकारी बैंकमार्फत सहुलियत ब्याजदरमा ३ वर्षसम्मका लागि १० अर्ब रकम उपलब्ध गराउन पर्ने, बजार अनुसार ब्याजदर निर्धारण हुने स्वचालित प्रणलीको विकास गर्नुपर्ने, सहकारी क्षेत्रलाई दिगो, मर्यादित, सुशासित बनाउन सहकारी संघ संस्थाहरुको प्रभावकारी अनुगमनका लागि 'दोस्रो तहको नियामक संस्था' तत्काल स्थापना हुनुपर्ने, हाल वित्तीय सहकारी संस्थाहरुको दर्ता, कार्यक्षेत्र बिस्तार र सेवा केन्द्र स्वीकृतिमा तत्कालै रोक लगाउनु पर्ने, सहकारीको दिगोपनाको लागि सहकारी अभियानसंगको समन्वयमा छुट सुबिधा र प्रोत्सहान सहितको 'एकीकरण प्याकेज कार्यक्रम' तत्काल घोषण गरी कार्यान्वयन गर्नुपर्ने लगायत माग राखिएका छन् ।

विद्यमान असहज परिस्थितिका कारण करचुक्ता लिन बाँकी रहेका सहकारी संस्थाहरुका लागि २०८० असार मसान्तसम्म म्याद थप गर्नुपर्ने, विषम परिस्थितिका कारण कार्यालय सुचारु गर्न समस्यामा परेका केही सहकारी संघ/संस्था सञ्चालनको वातावरण बनाउन कम्तीमा २ वर्षको कुलिङ अवधि घोषणा गर्नुपर्ने, सहकारी संघ/संस्थाहरु निर्वाध रुपमा सञ्चालन गर्न तत्काल नेपाल सरकार, गृह मन्त्रालयमार्फत ७७ वटै जिल्ला प्रशासन कार्यालयमा सुरक्षा सम्बन्धी परिपत्र जारी गर्नुपर्नेलगायतका मागहरु उल्लेख गरिएको छ ।

मकवानपुर जिल्लामा सहकारी अभियानमा समस्या नदेखिएता पनि राष्ट्रिय रुपमा समस्या उत्पन्न आएकोले सो समस्या समाधानको लागि राज्यको स्पष्ट नीति आवश्यक भएकोले ज्ञापनपत्र दिइएको मकवानपुर जिल्ला सहकारी संघ लिमिटेडका उपाध्यक्ष तथा सहकारी समस्या समाधान सहजीकरण संयन्त्र, मकवानपुरका संयोजक मेनुका घिमिरेले बताइन् ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, सचिव प्रतिमा श्रेष्ठ, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका सचिव वीरेन्द्रप्रसाद ढुंगाना, कोषाध्यक्ष बिष्णुमाया लामा, व्यवस्थापक सुमित्राकुमारी वाइवा, मकवानपुर जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहाल, कृषि सहकारी संघ मकवानपुरका व्यवस्थापक नरेश आचार्य, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सहायक व्यवस्थापक इश्वरी शिल्पकार, राष्ट्रिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल, नेप्स्कुन फिल्ड कार्यालय हेटौंडाकी इञ्चार्ज ज्योति महतलगायतको सहभागिता रहेको थियो ।

# दामन-सीमभञ्ज्याङ क्षेत्रमा सरसफाई र वृक्षरोपण



साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकाको पर्यटकीय क्षेत्र दामन-सीमभञ्ज्याङ क्षेत्रमा सरसफाई र वृक्षरोपण गरिएको छ ।

जनताद्वारा चुनिएका प्रतिनिधिले शासन गर्ने व्यवस्था गणतन्त्र लागू भएको दिनको अबसरमा यस क्षेत्रका स्थानीयले सरसफाई र फलफूलको विरुवा रोपिएको हो । जनआन्दोलन २०६२/६३ को जगमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष जेठ १५ गते देशभर विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाइने गरिएको छ । १६ औं गणतन्त्र दिवसको अवसरमा दामनको शितोष्ण बागवानी फार्म तथा नर्सरी केन्द्रको मुख्य आयोजनामा स्थानीय टोल विकास संस्था, दामन तथा सीमभञ्ज्याङ बजार व्यवस्थापन समिति र एभरेष्ट युवा विकास क्लवसहितको संयुक्त सहकार्यमा प्रदेश सरकारले दिएको निर्देशनलाई पालना गर्दै स्थानीय पर्यटक आकर्षणका स्थल र मठ, मन्दिर, गुम्बा जस्ता धार्मिक क्षेत्रको सरसफाई भएको हो ।

दामन बागवानी फार्मको निमित्त प्रमुख समिर ज्ञानीमगरले गणतन्त्र दिवस र प्रदेश सरकारले दिएको निर्देशन अनि कार्यक्रमको बारेमा प्रष्ट पार्दै भोलि सार्वजनिक बिदा हुने भएको र दामन-सीमभञ्ज्याङ जस्तो पर्यटकीय क्षेत्रमा विदाको समयमा आन्तरिक पर्यटकहरु भ्रमण गर्न आउने भएकोले पर्यटकीय क्षेत्रको सरसफाइ गरिएको बताए । दामन र सीमभञ्ज्याङमा एकैसाथ सुरु भएको कार्यक्रममा बागवानी फार्मबाट उपलब्ध भएको ५० बोट उन्नत जातको जापानिज नासपातीका विरुवाहरु क्रमश: फलामे भञ्याङ र सेल्फी डाँडामा रोपिँदै फलामे भञ्याङमा राष्ट्रिय झन्डा ठड्याइएको छ । सीमभञ्ज्याङमा पनि बजार परिसर सफाइ गर्दै घरधुरी अनुसार नासपातीको विरुवा वितरण गरिएको छ । यात्रु प्रतिक्षालयमा बागवानी फार्मबाट प्राप्त राष्ट्रिय झण्डा फहराइएको छ ।

# मकवानपुरमा दुई प्रहरी भवन बनाउन खर्च जुट्यो

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/मकवानपुरमा दुई स्थानमा प्रहरी भवन निर्माणका लागि बागमती प्रदेश सरकारबाट खर्च जुटेको छ ।

बागमती प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रहरी भवन बनाउन खर्च अख्तियारी दिने निर्णय गरेसँगै जिल्लामा दुई स्थानमा प्रहरी भवन बन्ने भएको हो । मकवानपुरमा हेटौंडास्थित महिला ब्यारेक भवन र मकवानपुरगढी गाउँपालिकाको इलाका प्रहरी कार्यालय भवन निर्माणका लागि प्रदेश सरकारलेब बजेटको व्यवस्थापन गरिदिएको हो । मकवानपुरगढीमा भाडाको घरबाट प्रहरी कार्यालय सञ्चालन भइरहेको छ । प्रदेश सरकारले हेटौंडामा महिला ब्यारेक बनाउन ८४ लाख २२ हजार र मकवानपुरगढीको इलाका प्रहरी कार्यालय बनाउन १ करोड ९८ लाख १ हजार रुपैयाँ दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठले बताए ।

मन्त्रिपरिषद् बैठकले मकवानपुरमा २ वटासहित ५ वटा प्रहरी इकाई भवनको निर्माणका ६ करोड १५ लाख ५६ हजार रुपैयाँ खर्च अख्तियारी दिने निर्णय गरेको हो । प्रहरीचौकी रत्ननगर-६ सौराहालाई ९७ लाख ३३ हजार रुपैयाँ, प्रहरीचौकी खाङसाङ फिक्कल-४, सिन्धुलीलाई १ करोड ३ लाख ३९ हजार, जिल्ला ट्राफिक कार्यालय रामेछापमा १ करोड ३२ लाख ६१ हजार रुपैयाँ दिने निर्णय मन्त्री श्रेष्ठले जानकारी दिए ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले स्थानीय विपद् कोषमा १ करोड रुपैयाँ जम्म गर्ने निर्णय गरेको छ । यसैगरी प्राकृतिक विपद् तथा जोखिम न्यूनीकरणका लागि स्थानीय तहहरुलाई थप सशर्त अनुदान दिने निर्णय गरेको मन्त्री श्रेष्ठले बताए । सरकारले विज्ञान प्रविधि नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन सम्बन्धि विधेयक तर्जुमा सम्बन्धमा सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको छ । सिन्धुली अस्पतालमा भएको घटनाका कारण भएको भौतिक संरचनाको क्षतिलाई बनाउन १० लाख रुपैयाँ दिने निर्णय गरेको जनाइएको छ ।

# मन्त्रीसहित ३२ जनाले दिए रगत



साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/गणतन्त्र दिवस २०८० को पूर्वसन्ध्यामा हेटौंडाको बुद्धचोकमा आयोजना गरिएको रक्तदानमा प्रदेश मन्त्रीसहित ३२ जनाले रक्तदान गरेका छन ।

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले रक्तदान गरेर रक्तदान कार्यक्रमको सुरुवात गरेका थिए । एक जना महिला सहित ३१ जना पुरुषले रक्तदान गरेका थिए । स्वास्थ्य मन्त्रालयको आयोजना तथा स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी र हातेमालो बचत तथा ऋण सहकारी संस्थाको सहयोग एवं सहकार्यमा रक्तदान कार्यक्रम गरिएको हो । गणतन्त्र दिवस २०८० भव्यताका साथ मनाऔं भन्ने मुल नाराका साथ विहान ७ बजेदेखि १० बजेसम्म सार्वजनिक रक्तदान कार्यक्रम गरिएको थियो ।

रक्तदान कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री उत्तम जोशी, प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठ, श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल, स्वास्थ्य मन्त्रालयका बरिष्ठ जनस्वास्थ्य प्रशासक एवं महाशाखा प्रमुख दीपकप्रसाद तिवारी, स्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, हातेमालो साकोसका कोषाध्यक्ष सीताराम दाहाल, रक्तसंचार केन्द्रका प्रमुख टंक प्रसाद दाहाल लगायतको सहभागिता रहेको थियो ।

# हातेमालोको स्थापना दिवस मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १४ जेठ/हेटौंडा उपमहानगरपालिका-२, स्थित हातेमालो बचत तथा ऋण सहकारी संस्थाको स्थापना दिवस सप्ताहव्यापी कार्यक्रम गर्दै मनाइएको छ ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत १० जेठमा संस्थाका सदस्यहरुलाई धुप बनाउने तालिम, ११ गते पशुपालन सम्बन्धी तालिम, १२ गते लक्ष्मी आधारभुत विद्यालयका कक्षा १-८ का ५० जना विद्यार्थीलाई झोला वितरण, १३ गते बकैयाको गरगरेमा स्वास्थ्य शिविर संचालन गरी ३ सय ६ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । सप्ताहव्यापी कार्यक्रममा आइतबार बुद्धचोकमा रक्तदान कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष हरिप्रसाद पौडेलले जानकारी दिए । आइतबार नै संस्थाको सभाहलमा संचालक समिति तथा उपसमितिको उपस्थितिमा वार्षिक लक्ष्य प्रगति समिक्षा र आगामी वर्षको लागि योजना तर्जुमा गरिएको थियो ।

२०८० वैशाख महिनासम्म संस्थाको शेयर पुँजी ६ करोड २७ लाख ७१ हजार पाँच सय रुपैयाँ पुगेको छ । सहकारीको जगेडा कोष ३ करोड १३ लाख ८८ हजार १ सय ६३ छ । त्यस्तै सोही अवधिसम्म बचत निक्षेप ४२ करोड ९ लाख ४ हजार ७ सय १६ रुपैयाँ रहेको छ भने संस्थाको बाह्य ऋण ८ करोड ३ लाख ३९ हजार ४ सय ३६ रुपैयाँ छ । सदस्यहरुलाई ५१ करोड ८५ लाख २९ हजार ९ सय ७२ ऋण लगानी गरेको छ । वैशाखसम्म संस्थाको कुल कारोबार भने ६३ करोड ९८ लाख ११ हजार २ सय ३५ रहेको संस्थाकी व्यवस्थापक रमला सापकोटाले जानकारी दिएकी छन् । १ करोड २३ हजार ८ सय ७० रुपैयाँ नाफा कमाएको छ । संस्थामा १ हजार १ सय ७८ महिला र १ हजार ३ सय ६३ पुरुष शेयर सदस्य छन् ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३

## रेडक्रस हेटौंडा उपशाखाको निर्वाचन सम्बन्धी सूचना !

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ को उपशाखा निर्वाचन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस उपशाखा अन्तर्गतका सम्पूर्ण आजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपशिल**
**मिति:** २०८० साल जेठ १५ गते
**समय:** बिहान ७ बजे
**स्थान:** पशुपति मन्दिर, हेटौंडा-४
**सम्पर्क:** ९८५५०७२६६४ (शिवहरि दाहाल, सभापति), ९८५५०७१६५८ (किसन घिसिङ, सचिव)

**नेपाल रेडक्रस सोसाइटी,**
हेटौंडा उपशाखा, हेटौंडा-४

नि:शूल्क सीप सिकौं आत्मनिर्भर बनौं

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
हेटौंडा, नेपाल

फोन नं. ०५७-४१२७१६, ०५७-४१२७२४

## सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८०/०२/१२ गते)*

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा, नेपालद्वारा यस आ.व. २०७९/०८० को २०८० जेठ महिना देखि संचालन गरिने देहाय अनुसारका अल्पसंख्यक, सिमान्तकृत र अति विपन्न समुदायको युवाहरुको लागी सीप विकास तालिम कार्यक्रम संचालन गरिने हुँदा व्यक्तिगत आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सूचना प्रकाशित भएको मितिले १०(दश) दिन भित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | बारिष्टा (कफि मेकर) | १ महिने (१६० कार्य घण्टा) | ३० | SLC/SEE उतर्णि | केन्द्रको तालिम भबन कमाने | २०८०/०२/२२ गते विहान ११ बजे देखि | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा मकवानपुरमा पाइने वा यस केन्द्रको वेब साईट (ww.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |

**तालिम लिन ईच्छूक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता, वेसिक तालिम हासिल गरेको प्रमाण पत्र र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८०/०२/२१ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ वा यस केन्द्रको ईमेल (vsdtchetauda@bagamati.gov.np) मा पठाउनु पर्नेछ । तालिमको अन्तर्वार्ताका लागी तोकिएको मितिमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा- ८ कमाने मकवानपुरमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।
२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
३. तालिममा अल्पसंख्यक, सिमान्तकृत र अति विपन्न समुदायको युवाहरुको लागी सीप विकास तालिम प्रदान गरिनेछ ।
४. तालिम लिन इच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वस्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वाताबाट गरिनेछ । एक समुहमा औसत १५ देखी २० जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।
५. तालिममा छनौट भएका प्रशिक्षार्थीहरुलाई खाजा र तालिम सम्पन्न भए पश्चात परिवहन खर्च उपलब्ध गराइनेछ ।
६. तालिम केन्द्र र छनौट भएका तालिम प्रदायक संघसस्थाहरुमा सञ्चालन हुने तालिमहरु १ महिने(१६० कार्य घण्टा) तालिमको हकमा दैनिक औसत ५-६ घण्टा तालिम सञ्चालन गर्नुपर्नेछ ।

**नि. केन्द्र प्रमुख**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना